# प्रेस विज्ञप्ति

**मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको आयोजना प्रभावित क्षेत्र सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका वडा नं. १ र ५ (साविक लिस्ती गा.वि.स. र साविक मार्मिङ गा.वि.स.), बाह्रबिसे नगरपालिका वडा नं. ५ र ६ (साविक गाती गा.वि.स.) तथा बाह्रबिसे नगरपालिका वडा नं. ७ र ८ (साविक घुम्थाङ्ग गा.वि.स. र साविक मानेश्वरा गा.वि.स.) मा बसोबास गर्ने स्थानीय बासिन्दाहरुको लागि ३०% ले हुन आउने १८,००,००० कित्ता शेयर र आयोजना प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाहरुको लागि ७०% ले हुन आउने ४२,००,००० कित्ता शेयर गरी**

**जम्मा ६०,००,००० कित्ता साधारण शेयरको बाँडफाँट सम्बन्धमा**

ग्लोबल आइएमई क्यापीटल लि.को निष्काशन तथा बिक्री प्रबन्धकत्व तथा प्रभु क्यापिटल लि., सिभिल क्यापिटल मार्केट लि., लक्ष्मी क्यापिटल मार्केट लि., सि.बि.आइ.एल. क्यापिटल लि., सानिमा क्यापिटल लि. र एनआईबिएल एस क्यापिटल लि. समेत गरी ६ वटाको सह–निष्काशन तथा बिक्री प्रवन्धकत्वमा मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको आयोजना प्रभावित क्षेत्र सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका वडा नं. १ र ५ (साविक लिस्ती गा.वि.स. र साविक मार्मिङ गा.वि.स.), बाह्रबिसे नगरपालिका वडा नं. ५ र ६ (साविक गाती गा.वि.स.) तथा बाह्रबिसे नगरपालिका वडा नं. ७ र ८ (साविक घुम्थाङ्ग गा.वि.स. र साविक मानेश्वरा गा.वि.स.) मा बसोबास गर्ने स्थानीय बासिन्दाहरुको लागि ३०% ले हुन आउने १८,००,००० कित्ता शेयर र आयोजना प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाहरुको लागि ७०% ले हुन आउने ४२,००,००० कित्ता शेयर गरी प्रति कित्ता अंकित मूल्य रु. १००।- दरको जम्मा ६०,००,००० कित्ता साधारण शेयरहरु मिति २०७८।०१।२१ गतेदेखि मिति २०७८।०१।२३ गतेसम्म र तत्पश्चात् कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जारी निषेधाज्ञाको कारणले गर्दा स्थगित भएकोमा पूनः मिति २०७८।०४।०५ गतेदेखि मिति २०७८।०४।३२ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सो अवधि भित्र प्राप्त भएका आवेदनहरुको प्रशोधन गरी योग्य आवेदकहरुलाई शेयर बाँडफाँट गर्नको निमित्त मिति २०७८।०६।०९ मा पूर्व बाँडफाँट तालिका तयार गरी सोही बमोजिम हुने गरी उक्त शेयरको आज मिति २०७८।०६।११ गते सोमबारका दिन निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आईएमई क्यापीटल लि.को रजिष्टर्ड कार्यालय नक्साल, काठमाण्डौंमा बाँडफाँट गर्ने कार्य सम्पन्न भएको छ।

उक्त शेयरको बाँडफाँट गर्ने क्रममा सिन्धुपाल्चोक जिल्लाको आयोजना प्रभावित क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाहरुलाई बिक्री गरिएको शेयरको हकमा मागभन्दा बढी (१.६५ गुणा) तथा आयोजना प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाहरुको हकमा मागभन्दा बढी (३.९३ गुणा) दरखास्त प्राप्त भएको छ। जसअनुसार आयोजना प्रभावित क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाका हकमा काठमाडौं लगायत सिन्धुपाल्चोक जिल्लाको विभिन्न ४३ वटा संकलन केन्द्रहरु तथा आस्वा प्रणालीबाट आवेदन दिनुहुने १२,१४७ जना आवेदकहरुबाट २९,६९,९४० कित्ता शेयरका लागि आवेदन प्राप्त भएकोमा ४९ जना आवेदकहरुबाट १४,८६० कित्ता शेयर रीतपूर्वक प्राप्त भएको नदेखिएकोले उक्त आवेदनहरुलाई रद्द गरी बाँकी १२,०९८ जना आवेदकहरुबाट रीतपूर्वक प्राप्त भएको २९,५५,०८० कित्ता शेयर बाँडफाँट गरिएको छ। त्यसै गरी आयोजना प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाहरुको हकमा काठमाडौं लगायत सिन्धुपाल्चोक जिल्लाको विभिन्न ४३ वटा संकलन केन्द्रहरु तथा आस्वा प्रणालीबाट आवेदन दिनुहुने ९६,३८० जना आवेदकहरुबाट १,६५,१२,१२० कित्ता शेयरका लागि आवेदन प्राप्त भएकोमा १,५१५ जना आवेदकहरुबाट ३,४२,८८० कित्ता

Scanned with CamScanner

शेयर रीतपूर्वक प्राप्त भएको नदेखिएकोले उक्त आवेदनहरुलाई रद्द गरी बाँकी ९४,८६५ जना आवेदकहरुबाट रीतपूर्वक प्राप्त भएको १,६१,६९,२४० कित्ता शेयर बाँडफाँट गरिएको छ।

उक्त बाँडफाँट कार्यक्रममा निष्काशनकर्ता कम्पनी, निष्काशन तथा बिक्री प्रवन्धक, सह-निष्काशन तथा बिक्री प्रवन्धकहरु र प्रोफेसनल कम्प्युटर सिस्टम प्रा.लि.का प्रतिनिधिहरु, संचारकर्मीहरु तथा लगानीकर्ताहरुको उपस्थिति रहेको थियो।

उक्त बाँडफाँटको नतिजा निष्काशनकर्ता कम्पनीको वेभसाइट www.mbjcl.com.np, निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लि. को वेभसाइट www.globalcapital.com र सह-निष्कासन तथा विक्री प्रवन्धकहरुको वेभसाइट क्रमशः www.prabhucapital.com, www.civilcapitalmarket.com, www.laxmicapital.com.np, www.cbilcapital.com, www.sanima.capital, www.niblcapital.com मा उपलब्ध गराइएको व्यहोरा समेत जानकारी गराइन्छ।

राम गोपाल शिवाकोटी
प्रमुख कार्यकारी अधिकृत
मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.

पारस मणी ढकाल
प्रमुख कार्यकारी अधिकृत
ग्लोबल आइएमई क्यापीटल लि.

रश्मी रिजाल
प्रमुख मर्चेन्ट बैंकिङ
सानिमा क्यापिटल लि.

सचिन्द्र ढुंगाना
सहायक महाप्रबन्धक
एनआइविएल एस क्यापिटल लि.

दिनेश थकाली
प्रबन्ध निर्देशक
प्रभु क्यापिटल लि.

अतिस श्रेष्ठ
प्रमुख संचालन अधिकृत
लक्ष्मी क्यापिटल मार्केट लि.

उज्वल चन्द
ना.प्रमुख कार्यकारी अधिकृत
सि.वि.आई.एल. क्यापिटल लि.

मणि राज काफ्ले
प्रबन्धक
सिभिल क्यापिटल मार्केट लि.

**मिति: २०७८।०६।११**

Scanned with CamScanner